ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# पारिजातको 'नैकापे सर्किनी' कथामा नारी उत्पीडन

*सरिता ढकाल फुयाल*
*अनुसन्धाता*
saritadhakal14@gmail.com

*अध्ययनसार*

*प्रस्तुत आलेख पारिजातद्वारा लिखित 'नैकापे सर्किनी' कथामा नारीका दुःख, पीडा, सङ्घर्ष, असुरक्षा, आदि उत्पीडनको विश्लेषण गरिएको छ । यसले समाजमा आर्थिक अवस्था कमजोर भएका श्रमजीवी नारीहरू पुरुषको पुरुषत्वका कारण उत्पीडनका पर्न विवश पक्षको विश्लेषण गरिएको छ। यस आलेख तयार पार्नका लागि पुस्तकालयीय प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ। 'नैकापे सर्किनी' कथामा पुरुष प्रधान नेपाली समाजमा अपाङ्ग पुरुष पनि पुरुषत्वका आडमा श्रीमतीप्रति दमन गर्छ भने अर्कोतर्फ निम्न वर्गीय, जातीय, कमजोर, साहारा नभएको नारीमाथि पितृसत्ता र प्रभुत्वले पारेको प्रभावलाई स्पष्ट देखाउनु यस आलेखको उद्देश्य रहेको छ । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलाको हकमा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ।' भनी व्यवस्था गरेको छ। महिला र पुरुषसँगसँगै हातेमालो गरेर एकअर्काका सारथी भएर अघि बढेमा मात्र घर, परिवार, समाज आदिमा सुखमय, शान्तमय, समन्यायिक सुन्दर समाजको निर्माण हुन्छ भन्ने निष्कर्ष निकालिएको छ।*

**मुख्य शब्दाबलिः** *पितृसत्ता, पुरुषत्व, लैङ्गिकता, साङ्गठानिक, सशक्तीकरण,समन्यायिक ।*

**विषयपरिचय**

'नैकापे सर्किनी' कथा पारिजातको 'पारिजातका प्रतिनिधि कथाहरू' कथा सङ्ग्रहमा सङ्कलित नारी उत्पीडन प्रस्तुत गरिएको कथा हो । पारिजातको वास्तविक नाम विष्णुकुमारी वाइवा ( वि.सं १९९४-२०५०) हो । उनले वि.सं २०१३ मा *धरती* नामको पत्रिकामा कविता प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । उनका *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३), *वधशाला जाँदा आउँदा, पारिजातका प्रतिनिधि कथाहरू* (२०७४) आदि कथासङ्ग्रह प्रकाशित छन् । पारिजातको कथा लेखन २०२१-२०२९ सम्म प्रथम चरण र २०३० देखि २०५० दोस्रो चरणका दोस्रो चरण मान्न सकिन्छ । उनका दोस्रो चरणका कथामा नारीवादी चेतना, वर्ग सङ्घर्षका रूप, निम्न वर्गीय समाजप्रति सहानुभूति आदि भाव पाइन्छ । यस कथामा परम्परित समाजमा जातिय र नारीमाथिको विभेद, अन्याय, अत्याचार, शोषण, दमन आदि लैङ्गिक विभेदलाई देखाइएको छ । उनले यस कथामार्फत नारी वर्ग वा लैङ्गिक विभेदको अन्त्य हुनुपर्ने धारणा अघि सारेकी छन् । यस 'नैकापे सर्किनी' नारी पीडा, उत्पीडन, शोषण, दमन र त्यसबाट भोग्नुपरेको असहज स्थितिको सग्लो प्रस्तुति रहेको पाइन्छ ।

पारिजातको 'नैकापे सर्किनी' शीर्षकको कथामा सर्किनी नारी पात्रलाई प्रयोग गरिएको छ। उसको दैनिकी बिहान अध्याँरोमा उठ्नु, दुःखको मानु पकाउनु र आफूमाथि आश्रित, अपाङ्ग लोग्नेलाई खुवाउनु त्यसपछि विष्णुमतीको बगरमा बालुवा झिक्न जानु, साँझ आउनु, पकाउनु, लोग्नेलाई खुवाउनु आदि क्रियाकलाप छन् । उसलाई अपाङ्ग लोग्नेले पनि दिनभर तास खेल्ने र विभिन्न गाली गरेर दमन गर्ने गरेको छ। पुरुषत्वले गाँजेको समाज, लोग्नेबाट गरिने शङ्का र अपमान, कडाभन्दा कडा गर्नुपर्ने शारीरिक दुःख आदि देखाउँदै समाजमा परिवर्तन हुनुपर्ने देखाइएको छ ।

विश्वमा नै प्राकृतिक रूपले भिन्न भएका महिला र पुरुषबिच भेदभाव हुन् थाल्दछ। आर्थिक, सामाजिक, शिक्षा, रोजगार, सम्पति आदि क्षेत्रमा अधिकारलाई सुनिश्चित गर्न नारीवाद आवाज मुद्दाहरू उठ्दै गए। १९औं शताब्दीमा महिला मताधिकार आन्दोलनका रूपमा अमेरिका, बेलायत, फ्रान्स लगायतका देशहरूमा महिलाहरूलाई मतदान गर्ने अधिकार प्राप्त गर्न सङ्घर्ष गरियो । नेपालानमा पनि महिलाहरूले १९५० पछि मात्र मतदान गर्ने अधिकार पाए। वि.सं. २०१५ को संविधानले महिला समानताका लागि नयाँ प्रावधानहरू लागू गऱ्यो। नेपालको संविधान २०७२ को धारा १८ को उपधारा ५ मा 'पैत्रृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ।' भनेर छोरा र छोरीलाई बाबु आमाको सम्पत्ति बराबर हक लाग्ने व्यवस्था गरेको छ भने नेपालको संविधान २०७२ को धारा ३८ मा महिलाको हक व्यवस्था गरेको छ। यसरी कानुनले पनि समान हकअधिकारमा जोड दिँदै आएको छ।

नारी र पुरुष भन्नाले जन्मजात वा प्राकृतिक रूपमा महिला र पुरुष वा छोरा र छोरीका रूपमा रहने हो । यस प्राकृतिक भिन्नतालाई समाज र सांस्कृतिक क्रियाकलापले छुट्याउँदै जानु, शिक्षा, स्वास्थ्य, सम्पति आदिमा भेदभाव गर्नु, अपहेलना गर्नु, तिरस्कार गर्नु, दुःख दिनु, पीडा भोग्नु नै नारी उत्पीडन हो । पुरुष प्रधान नेपाली समाजमा अपाङ्ग पुरुष पनि पुरुषत्व देखाएर आफ्नी श्रीमतीप्रति दमन गर्छ भने अर्को तर्फ निम्न वर्गीय, जातीय, कमजोर, बेसारा, नारीमाथि पुरुषहरूले कुदृष्टि राखेर व्यवहार गर्दछन् । 'नैकापे सर्किनी' कथामा लैङ्गिकताका आधारमा समाजमा देखिएको फरक भूमिका र नारीमाथिको उत्पीडन यस अध्ययनको मुख्य विषय हो । 'नैकापे सर्किनी' कथामा परम्परित नारीको घर परिवारमा भूमिका के कस्तो रहेको छ ? पितृसत्ता र प्रभुत्वले हाम्रो समाजमा कस्तो प्रभाव पारेको छ ? भन्ने कुरालाई स्पष्ट रूपमा देखाइएको छ । यस कथामा नेपाली परम्परित समाज र पितृसत्ताले महिला माथि गरेको विभेद, अन्याय, अत्याचारलाई देखाउनु र हाम्रो परम्परित समाजमा नारी उत्पीडनको के कस्तो स्वरूप देख्न सकिन्थ्यो ? यस मान्यताको खोजी गर्नुका साथै पितृसत्ता र प्रभुत्वले पारेको प्रभावलाई स्पष्ट देखाउनु नै यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत लेख तयार गर्नका लागि आवश्यक सामग्री सङ्कलन मूलतः पुस्तकालय र इन्टरनेटका सामग्रीको अध्ययन कार्यबाट गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीहरूमा पारिजातको 'पारिजातका प्रतिनिधि कथाहरू' कथासङ्ग्रह प्राथमिक सामग्री बनाइएको छ भने नारीवादका सैद्धान्तिक अवधारणाहरूका लागि नारीवाद, लैङ्गिकता, नारी उत्पीडन सम्बन्धी पुस्तक, लेख, शोधपत्र आदिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ ।

**सैद्धान्तिक पर्याधार**

प्राकृतिक रूपमा भिन्नभिन्न रहेका महिला र पुरुषलाई समाजिक मूल्य र मान्यताले फरक पुऱ्याएको छ । १९औं शताब्दीसम्म पाश्चात्य विकसित मुलुकमा महिला र पुरुषको विभेदकारी मान्यता रहेको देखिन्छ । "आन्दोलनका रूपमा सन् १८४८ मा अमेरिकाबाट सुरु भएको जागरण विस्तारै युरोप र विश्वका अन्य मुलुकमा पनि सर्दै गयो । अमेरिका र सबैतिर महिलामाथिको दोहोरो जिम्मेवारीको अन्त्य, बाहिरी क्षेत्रमा कामको अवसर, समान ज्याला, निश्चित कार्यालय अवधि, नागरिकता, मताधिकार, राजनीतिक अधिकार जस्ता मुद्दाहरू उठाउँदै प्रारम्भ भएको महिला आन्दोलन वर्तमान समयमा समाजका हरेक क्षेत्रमा विभिन्न स्वरूपमा विस्तार भइसकेको छ "(भृकुटी, २०७०, पृ. ३३१) । समाजका प्राकृतिक वा जैविक रूपमा भिन्न भएका महिला पुरुष सामाजिक मूल्य मान्यताले विश्वभर नै नागरिकता, राजनैतिक, आर्थिक आदि क्षेत्रमा पछाडि पारिएका छन् । नारीवाद भनेको नारीहरूको हक, अधिकार, समानताको लागि चलाइएको आन्दोलन हो । यसले महिलाहरूसँग पुरुषसरह सम्मान अधिकार हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । "पितृसत्तात्मक सोच र संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषका दाँजोमा सामाजिक मूल्य मान्यतामा कमजोर र मूल्यहीन मानिन्छन् । यसरी हेर्दा लैङ्गिकताको निर्माणमा त्यो समाजको संस्कृति नै मुख्य कारक भएको हुन्छ "(ढकाल,२०८१, पृ.४३) । जन्मजात कोही महिला र पुरुष कमजोर हुँदैनन् उनीहरूलाई समाजले छुट्याएको भूमिका, गरिने व्यवहार आदिले विभेद गरिएको पाइन्छ । नारीवादको व्यापक प्रयोग विश्वका धेरै देशमा भएको पाइन्छ जस्तैः अमेरिका, युरोप, भारत लगायत अन्य एसियाली देशहरूमा यसको व्यापक रूपमा अगाडि बढेको पाइन्छ । नारीवादको इतिहास विभिन्न लहरका रूपमा विभाजन भएको पाइन्छ ।

पहिलो लहर ( १९औं शताब्दी –प्रारम्भिक २०औं शताब्दीसम्म) महिला मताधिकारका लागि केन्द्रित दोस्रो लहर (१९६०–१९८० सम्म) महिलाहरूको कानूनी र सामाजिक समानताका लागि अभियान चलाइएको तेस्रो लहर (१९९०-२००० सम्म) व्यक्तिगतता र विविधतामा केन्द्रित, चौथो लहर (सन् २०१० देखि वर्तमानसम्म) सामाजिक सञ्जालको प्रयोग गरी यौन उत्पीडन, महिलाविरुद्धको हिंसा र बलात्कार संस्कृतिविरुद्ध लड्न केन्द्रित छ । यसलाई "मीटु" आन्दोलनले चिनिन्छ । नारीवादी चेतना नारीमुक्तिसँगै मनुष्यत्वसँग जोडिएको चिन्तनको हो । यो नारीका बारेमा मात्र अध्ययन होइन ।"यसले त समाजमा हुने गरेका थिचोमिचो र अन्याय विरुद उठाउँछ । त्यसैले नारीवादी अध्ययन मनुष्यको जीवन जगत्कै अध्ययनको विषय हो"(ढकाल, २०८१, पृ.४०) । नारीवादले समाजमा लैङ्गिक समानता स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ र यसले महिलाका जीवनका विभिन्न पक्षहरूमा सुधार ल्याउन योगदान पुऱ्याएको छ ।

नेपाली समाजमा नारी उत्पीडन भन्नाले महिलाहरूमाथि गरिने हिंसा, अन्याय, अत्याचार, शोषण, दमन आदिलाई बुझाउँछ । "नारीले गर्ने घरको कामलाई प्रायः गरी उत्पादक श्रमका रूपमा लिइँदैन । न त तिनले उक्त श्रमका निम्ति ज्याला

नै पाउँछन् । यदि उक्त घरको कामलाई पनि उत्पादक श्रम मान्ने हो भने समसामयिक संसारको दुई तिहाइ श्रम नारीहरूले नै गर्छन्"(उप्रेती, २०७८, पृ.१९०) । यसरी हाम्रो नेपाली समाजमा नारीको जन्मघर र श्रीमानको घर दुवैतर्फ सम्पतिमा अधिकार नभएर नै नारीहरू उत्पीडनमा पर्न बाध्य भएको देखिन्छ ।

नारी उत्पीडनका सैद्धान्तिक आधारहरूमा पितृसत्ता, लिङ्ग विभेद, सामाजिक संरचना र सांस्कृतिक मूल्य मान्यताहरू पर्दछन् । "परम्परागत रूपमा हेर्दा नारी र पुरुषले गर्ने कतिपय काम भिन्न हुन्छन् जस्तोः परम्परागत नेपाली संस्कृतिमा हलो जोत्ने, घर बनाउने, जन्तीमलामी जाने, सिकार गर्ने, ढुङ्गा काठको काम पुरुषले गर्दछन् । घरको काम नारीहरूले गर्छन् ,लैङ्गिकताको निर्माण गर्ने र त्यसलाई स्वरूप प्रदान गर्ने सञ्चारमाध्यम, धर्म, शिक्षा, चिकित्सा जस्ता संस्थाहरू लगायत अन्य राजनैतिक तथा सामाजिक पद्धतिद्वारा हुन्छ" (घर्ती, २०८१, पृ.८३) । यसरी नेपाली समाजले घरको काममा मात्र सीमित राख्ने, कृषि र खेतीपातीको काममा मात्र लगाउने, छोराछोरी जन्माउने र हुर्काउने काम आदिमा सीमित राखी उनीहरूको श्रमको मूल्य नगरेकाले नारीहरू बढी उत्पीडनको सिकार बन्न पुगेका हुन् ।

परम्परागत सामाजिक मूल्य मान्यताले महिलालाई घरको काम र छोराछोरी जन्माउने हुर्काउने काममा विभाजन गऱ्यो । जसका कारण उनीहरूले घरमा गरेको कार्यको कुनै मूल्यांकन हुँदैन र आर्थिक रूपमा पछाडि पारियो । समसामयिक संसारमा घर बाहिर गएर कार्य गर्ने नारीहरूको सङ्ख्या बढ्दै गएको छ । "पुरुषको क्षेत्रभित्र पसी ती सरह नै अफिस, अड्डा, अदालतमा गएर काम गर्ने नारीहरूलाई 'यस्ता नारी चरित्रहीन भइसके कि' भनेर शङ्काको दृष्टिले हेर्ने चलन छ" (उप्रेती, पृ. १९०-१९१) । आज पनि हाम्रो समाजमा श्रीमतीले जागिर खाएर घरबाहिर बस्न, पुरुष साथी बनाएर सहज रूपमा काम लिन गाह्रो छ । शिक्षित श्रीमान्‌ले पनि श्रीमतीलाई शङ्का गर्ने घरमै राख्न खोज्ने गरेको पाइन्छ । "नागरिक समाजमा कानून, अदालत, धार्मिक, शैक्षिक संस्था आदिबाट प्रभत्वुशाली वर्गको विचारधाराले स्थापत्य प्राप्त गर्दछ । वर्तमान उत्पीडनकारी संरचनाप्रति तटस्थ बनाउन वा त्यसपछि मत्थर बनाउन राज्यले बुद्धिजीवीहरूको प्रयोग गर्दछ । अनि शासितहरू शासित भइरहन स्वीकार गर्छन् र त्यसप्रति सहमतिमा पुग्छन्" (पाण्डेय, २०७८, पृ.५५) । पितृसत्तात्मक नेपाली समाजमा नारीहरू सहनशील, धैर्यवान्, सामाजिक मूल्य र मान्यतामा विश्वास गरेर, आफ्ना पीडा, दुःख लुकाएर सदियौंदेखि बाँचिरहे । उनीहरूलाई आफू घरमै काम गर्ने हो । त्यसैले सानैदेखि सिक्नुपर्छ । श्रीमान, सासु ससुरा, नन्द आमाजू आदिबाट भएको दमन बुहारी भएर सहनु पर्छ भन्ने कुरा स्वीकार गर्न बाध्य पारियो । यस कारण लामो समयसम्म हाम्रो समाजमा नारीहरू उत्पीडनमा बाँच्न विवश भएका छन् ।

प्राकृतिक रूपमा महिला र पुरुषमा यौन चाहना हुनु स्वभाविक मानिन्छ । यौन क्रियाकलापमा संलग्न हुन लोग्ने र स्वास्नी बिच सहमति हुनुपर्छ तर हाम्रो नेपाली समाजमा यौन क्रियाकलाप लोग्नेको इच्छा, चाहनामा मात्र भर पर्छ । स्वास्नीको इच्छा, चाहनाको केर्हा पनि वास्ता गरिदैन । "आफूलाई इच्छा नभएको बेलामा पनि पतिले इच्छा गरेका खण्डमा उसलाई यौन सुख दिन पत्नी हरदम तयार रहनुपर्छ । त्यसो गर्नु पत्नीको दायित्वभित्र पर्दछ भने पतिको त्यो अधिकार मानिन्छ । अझ त्यति मात्र होइन पितृसत्ताको आड लिएर कतिपय पुरुषले आफ्ना परिवारका महिलाहरू अर्थात् पत्नी, छोरी आदिको यौनिकतालाई आर्थिक लाभ उठाउने साधनका रूपमा समेत उपयोग गर्ने गरेको पाइन्छ " (पाण्डे, २०६९, पृ.१४) । यसरी नेपाली समाजमा महिलाको यौनिकता र यौनसम्बन्धी सम्पूर्ण अधिकारमा पुरुषको नियन्त्रण रहन्छ । महिलाहरूको रहर, इच्छा, अनिच्छा केहीको पनि ख्याल गरिँदैन ।

नेपालमा नारी उत्पीडन कम गर्न विभिन्न परिवर्तनहरू आएका छन् जस्तै कानुनी सुधार, शिक्षामा महिलाको पहुँच बढ्नु, महिलाको आर्थिक सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू, सामाजिक जनचेतना आदिले महत्त्वपूर्ण भूमिका खेलेका छन् । "नारीवाद नारीका पक्षबाट नारीकै लागि उभिएको नारीवादी सिद्धान्त हो । यस सिद्धान्तले नारीको सबै कार्य र नारी पक्षीय दृष्टिकोणको समर्थन गर्दछ । पितृसत्ता र पुरुषको विरोध गर्दछ" (भट्टराई, २०७६, पृ.२४९) । यसरी नारी उत्पीडनका विरुद्धमा नेपालमा पनि नेपाल सरकार, गैर सरकारी निकाय, संघसंस्थाहरू सक्रिय रूपमा लागेका छन् । नारीवाद एक सामाजिक, राजनैतिक र सांस्कृतिक आन्दोलन हो जसको उद्देश्य महिला र पुरुष विच राजनैतिक, आर्थिक, व्यक्तिगत र सामाजिक समानता स्थापना गर्नु हो । नारीवादहरूका अनुसार आधुनिक समाज पितृसत्तात्मक छन् । जसमा पुरुषको दृष्टिकोणलाई प्राथमिकता दिइन्छ र महिलाहरूलाई अन्यायपूर्ण व्यवहार गरिन्छ । यस्ता व्यवहारमा परिवर्तन ल्याउन लैङ्गिक पूर्वाग्रह विरुद्ध लड्नुका साथै महिलाहरूका लागि शैक्षिक, व्यवसायिक र अन्तरव्यक्तिगत अवसरहरू सुधार गर्नुपर्छ ।

हाम्रो समाजमा नारी र पुरुष बिचको प्राकृतिक भिन्नतालाई नै विभेदको आधार बनाए । "महिला र पुरुषलाई समाजले तोकेको भूमिकालाई लैङ्गिकता भनिन्छ । जैविक भिन्नता (ज्ञानेन्द्रियमा फरक) बाट सुरु भएको महिला र पुरुषको परिचयलाई समाजकै संस्कृतिक मान्यताले नितान्त अलग अलग भूमिकामा लगेर उभ्याइदिन्छ "(ढकाल, २०८१, पृ.४२) । प्राकृतिक रूपमा अलगअलग रहेका महिला र पुरुषलाई सामाजिक व्यवहार संस्कार मूल्य मान्यता र जीवनशैलीका कारणले विश्वका भिन्न भिन्न समाजमा लैङ्गिक विभेद रहेको छ। यस्ता क्रियाकलाप समाजमा महिलाका हित विपरीत देखिन्छन् । पितृसत्तात्मक सोच र संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषका दाँजोमा सामाजिक मूल्य मान्यता कमजोर र मूल्यहीन मानिन्छन् । यसरी हेर्दा लैङ्गिकताको निर्माण त्यो समाजको संस्कृति नै मुख्य कारक भएको छ (ढकाल, पृ.४३) । महिला र पुरुषमा लैङ्किक विभेद गर्ने प्रमुख कारक समाजिक व्यवहार ,संरचना र सांस्कृतिक पक्ष नै मानिन्छ। अर्थ उपार्जनमा सहभागी नगराएर घरको काम र छोराछोरी जन्माउने हुर्काउने जिम्मा मात्र दिएर कमजोर साबित गरिन्छ।

नारी उत्पीडनको प्रमुख कारण आर्थिक रूपमा अधिकार नहुनु नै हो । पितृसत्तामक संरचनाले अर्थ उत्पादनमा सहभागी नगराएर घरको काम र छोराछोरी जन्माउने हुर्काउने जिम्मा मात्र दिइन्छ। हाम्रो नेपाली समाजमा पुस्तौँ पुस्तादेखि महिलालाई पछाडि पारिदै छ। आजको समाजमा नारीवादी बुद्दा निकै चर्चित बन्न पुगेको छ। नारीवादले मूलभूत रूपमा साहित्यमा,लैङ्गिक प्रभुत्व, अधिनस्तता , लैङ्गिक दृष्टिले हुने हिंसा, शोषण, दमन विभेद वञ्चितीकरण तथा व्यक्तिगत र साङ्गठानिक प्रतिरोध समेतको खोजी गर्दछ। नारी उत्पीडन, दमन ,र यस विरुद्ध आवाज उठाएका सशक्त कथा रहेको छ। परम्परित पितृसत्ताको विचारलाई अङ्गिकार गरेर नारी पात्रलाई श्रम, मेहनत र जिम्मेवार हुँदाहुँदै पनि आफ्नो अस्तित्व संरक्षणमा जोखिम उठाउनुपर्ने अवस्था देखाई प्रस्तुत कथा नारी उत्पीडनका आधारमा विश्लेषणीय सामग्री रहेको छ। पारिजातको 'पारिजातका प्रतिनिधि कथाहरू' कथा सङ्ग्रहमा सङ्ग्रहित 'नैकापे सर्किनी' कथामा परम्परित पुरुषसत्ताको दमन, साहसी, श्रमशील नारी पात्र हुँदाहुँदै पनि उसले भोग्नु परेको उत्पीडनका विषयको अध्ययन यसमा गरिन्छ।

**परम्परित सामाजिक मान्यतामा नारी पीडा**

नेपाली समाज लामो समयदेखि पितृसत्तामा आधारित समाज हो । यहाँ छोरी बुहारीमा परिणत भएपछि बिहान सबैले उठ्नुपर्ने, घरधन्दा गर्नुपर्ने, भात भान्छामा लागेर परिवारका सदस्यलाई खानाको व्यवस्था सकी नसकी भएपनि गर्नुपर्ने र आफ्नो काममा निरन्तर लाग्नुपर्ने भाव तलको कथांशमा यसरी अभिव्यक्त भएको छ।

> *बिहान अँध्यारैमा उठ्नु, दुःखको मानु पकाउनु र आफूमाथि आश्रित अपाङ्ग लोग्नेलाई खुवाउनु त्यसपछि विष्णुमतीको बगरमा बालुवा झिक्न जानु, साँझ आउनु, पकाउनु, लोग्नेलाई खुवाउनु अनि सुतु मुर्दा जस्तै । (नैकापी सर्किने, पृ.४८)*
>
> *नैकापे सर्किनी ऊ त्यही चिसो लुगा लगाएर आउँछे, जो उसले जेठ महिनामा लगाएकी थिई। नैकापे सर्किनलाई घामको अस्तित्वमाथि शङ्का लाग्छ, आजभोलि उसको समय अन्धकार हो । फेरी ऊ अँध्यारोदेखि नै घुडासम्म पानीमा डुबेर बालुवा निकाल्दै थुपार्दै गरिरहेकी हुन्छे र आफै पनि बालुवा जस्तै निर्जीव र चिसो भइसककी हुन्छ। (नैकापे सर्किनी, पृ.४९)*

माथिका कथांशले नेपाली समाजमा नारीले विवाह गरेपछि लोग्ने जस्तोसुकै अशक्त, अपाङ्ग भएपनि दुःख कष्ट गरेर पाल्नुपर्ने, स्याहार सुसार गनुपर्ने हुन्छ । स्वास्नी रोगी भएर काम गर्न नसक्ने भएमा उसको लोग्नेलाई तुरुन्तै अर्को विवाह गर्न समाजले नै प्रोत्साहन गर्दछ। विवाहपछि महिलाले आफ्ना रहर, इच्छा, चाहनालाई तिलाञ्जली दिएर लोग्नेको घर परिवार सम्हाल्नुपर्छ। 'नैकापै सर्किनी' कथाकी पात्र नैकापे सर्किनी मरुभूमिजस्तो आफ्नो दुष्कर जीवन बाँच्न विवश छे। ऊ बिहान अध्यारोमा नै उठेर, भात भान्छा गरेर विष्णुमतीमा दिनभर पुस महिनाको चिसो दिनमा पानीमा डुबेर बालुवा झिक्ने, घर आएर खाना पकाएर अपाङ्ग लोग्नेलाई खुवाउनुपर्ने त्यसपछि चिसो रातमा आफू पनि चिसै भएर राम्रो ओड्ने ओछ्याउने बिना रात काट्नुपर्ने अवस्था छ।

मङ्सिर पुसको चाडोमा पनि बाक्लो कपडा लगाउने अवस्था सर्किनीको छैन । कडाभन्दा कडा मिहिनेत गर्दा पनि अपाङ्ग लोग्ने र आफू बिहान बेलुकाको दुई छाक जोहो गर्न मुस्किल पर्छ। ऊ वैशाख जेठ महिनामा लगाउने त्यही पातलो कपडामा दिनभर चिसो पानीमा डुब्लुकी मारेर बालुवा झिक्न विवश छे । उसका रहर चाहना सब मरिसकेका

छन् । ऊ जीवित भएर पनि मरेतुल्य जीवन बिताउन विवश छे । नेपाली समाजमा नारीले दुःख, पीडा खपेर पनि आनन्दको श्वास फेर्न पाएका हुदैनन् । नैकापे सर्किनी यति दुःख गर्दा पनि उसको अपाङ्ग लोग्ने उसमाथि शङ्का गरेर गाली गर्छ त्यसकारण नैकापे सर्किनी मरेतुल्य जीवन बाँचेकी छ ।

बिहान सबेरै उठेर घरको काम सक्ने, दिनभर पानीमा डुबेर बालुवा निकाल्ने र बेलुका घर पर्किएर बेलुकाको खानाको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी सर्किनीकै काँधमा छ । ऊ चाहेर वा नचाहेर भएपनि आफ्नो दैनिकी पूरा गर्छे ।

*साँझ चार बजे ऊ बालुवाको धापबाट निस्कन्छे, फलाम जस्तै चिसो र कठोर भएर । त्यो थुपारिएको बालुवाको खात ठीक उसको जीवनको प्रतीक हो रसहीन र रुखो । चार शब्दमा ऊ हरियो लसुन र झमक्क रात पर्छ पाँच बजे । सर्किनी आएर खाना पकाइसकेको अन्दाज गरपछि सार्की फर्कन्छ पाटीमा । घस्रन सक्ने ठाउँसम्म ऊ जान्छ, दिनभरि तास खेल्छ राती यसरी मस्तिष्कभरि हार, झगडा र हीनताभासको धुवाँ बोकेर फर्कने गर्छ (नैकापे सर्किनी, पृ.५०) ।*

माथिका कथांशमा समाजले सकी नसकी भएपनि नारीले घरभित्र र बाहिरको काम गर्नुपर्ने हुन्छ । लोग्ने अपाङ्ग अशक्त भएर पनि तास खेल्ने, जिम्मेवारपूर्ण व्यवहार नगरे पनि हैकम जमाउने र स्वास्नीमाथि अरुको रिस पोख्ने गर्दछ । सर्किनीको दैनिकी नै जस्तो चार पाँच बजे घर फर्कदा बेलुकाको सामल तरकारी ल्याउने र घरमा भान्छा ठिक पार्ने हुन्छ । बालुवाको थुप्रो झैँ सर्किनीको जीवन पनि हर्ष, उमङ्ग, जोश, उत्साह केही नभएको निरस छ । उसका आफ्ना व्यक्तिगत इच्छा, चाहना, रहर मरिसकेका छन् । विवश र बाध्य जीवन जबरजस्ती बाँचेकी छे ।

देशमा ठुलाठुला राजनैतिक परिवर्तनहरू भइसकेका छन् । सडकमा विभिन्न जुलुस र नारहरू घन्काउँदै छन् । तर पनि नैकापै सर्किनीलाई केही वास्ता हुँदैन । यी त नारामा मात्र सीमित छन् । यसरी दिनरात मेहनत गर्दा पनि दुई छाक खान र एक सरो लगाउन नसक्ने निम्न वर्गीयको जीवनमा कुनै परिवर्तन भएको छैन ।

*विकासको नारा र झाँक्रीसँग उसलाई कुनै पनि मतलब छैन । अस्तित्वमा भएका वस्तुहरूसँग उसको तात्पर्यको कडी क्रमशः टुक्रिदै छ भने नभएकाहरूसँग.... के असम्भव ? बोक्रे धाक अर्काको पसिना खानेले मात्र लगाउन सक्छ सर्किनीले सक्दिन (नैकापे सर्किनी, पृ.५०) ।*

वास्तवमा नेपालमा राजनैतिक जनप्रतिनिधि धाक रबाफ लगाएर जनताको पसिनामा रमाउने प्रवृत्तिका छन् । देशमा जुनसुकै सत्ता आएपनि निम्न वर्गीय जनताको जीवनस्तरमा परिवर्तन गर्न कसैले सकेको छैन । यस प्रकार यहाँ नैकापै सर्किनीलाई कसैप्रति पनि भरोसा र विश्वास छैन । मानिस जुन कुरामा अति व्यस्त हुन्छ वा चिन्तित हुन्छ त्यस कुराले उसलाई सपनामा पनि सताउँछ । यहाँ कडाभन्दा कडा मेहनत गर्ने मजदुर वर्गको जीवन कष्टकर, पीडादायी र दुःखपूर्ण रहेको छ । उनीहरूको श्रमबाट जति धेरै काम भएपनि उनीहरूको जीवन कष्टकरमा नै बित्छ ।

*रातभरि सपनामा पनि ऊ बालुवा झिकेको देख्छे । यसरी नैकापे सर्किनी इन्च इन्च गर्दै सिद्धिदै छे । उसको हाड, मासु, रगत राजधानीको कुनै निर्माणाधीन भवनमा जम्मा हुँदै छ बिना कुनै मूल्य, बिना कुनै कागज- पत्र (नैकापे सर्किनी, पृ.५०) ।*

नैकापे सर्किनीले सपनामा पनि दिनभरी खोलाबाट बालुवा झिकेको देख्छे । उसको शरीरमा हाड, छाला भन्दा केही बाँकी छैन । उसले त्यति कठोरपूर्ण तरिकाले गरेको कामको उचित मूल्यांकन भएको छैन । उसले बोकेका बालुवाबाट ठुला ठुला भवनहरू निर्माण भएका छन् । उसले बालुवा झिक्ने काम गर्दागर्दै हाड छाला भइसकेकी छे । ऊ एउटा इच्छा, चाहना, रहर केही नभएकी हाड छालाले बेरिएकी निर्जीव प्राणी जस्ती छे । यसले उसको निराशपूर्ण जीवनको सङ्केत गर्दछ र यसमा नारी उत्पीडनको ज्वलन्त उदाहरण पाइन्छ ।

यस कथाकी प्रमुख नारी पात्र नैकापै सर्किनी दुःख, कडाश्रम र कठोर मेहनतका साथ काम गर्दा पनि उसमा परम्परागत सामाजिक मूल्य मान्यताले उसमा नारी उत्पीडनका विभिन्न घटनाहरू सजिलै देख्न सकिन्छ सामाजिक मूल्य र मान्यतामा नारीहरूका दुःख पीडालाई समाजका व्यक्तिहरूले महत्व दिएको पाइँदैन । उनीहरू परिश्रम गर्न काम गर्नका लागि मात्रै रहेको बुझाइ हुन्छ र समाजका मानिसहरूले उनीहरूको परिश्रम मूल्याङ्कन गर्दैन ।

### पुरुषत्वको प्रभावमा नारी उत्पीडन

विवाह एउटा त्यस्तो सम्बन्ध हो जहाँ श्रीमान् र श्रीमतीको माया, ममता, प्रेम, सद्भावना, समर्पण, त्याग हुनुपर्दछ। नैकापे सर्किनी कथामा उसको लोग्ने उसलाई माया ममता दिनुको सट्टा अपाङ्ग भएपनि आफ्नो पुरुषत्वको घमण्ड रहिरहन्छ।

*उसको लोग्ने उसलाई शारीरिक रूपमा माया पनि गर्न सक्दैन र घृणा पनि गर्न सक्दैन त्यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ आँखाको अभिव्यक्तिले बलात्कार गर्छ र शब्दले लात खान्छ। (नैकापे सर्किनी, पृ. ४८)*
*त्यो पाँच रूपैयाँको नोट पोल्टोभित्र तह लाउँदा उसले आफ्नो अपाङ्ग लोग्नेलाई झल्याँस्स सम्झी, यो फाल्तु पैसा ऊकहाँ भएको एकदम थाहा पाइनु हुँदैन , ऊ निकै सचेत रहनु पर्नेछ आफ्नो पैसा नभएकै अभिनयप्रति, नत्र उसको लोग्नेले रक्सी खानको निम्ति याचना गर्नलाई एउटा शब्दकोश खर्च गर्नुपर्नेछ सर्किनेलाई शब्दको ओहिरो देखि घृणा छ (नैकापे सर्किनी, पृ. ४९)।*

नेपाली समाजमा पितृसत्ताको शक्तिका आडमा विवाह गरेर लोग्ने भएपछि आफू शक्तिशाली ठान्ने, स्वास्नीमाथि हैकम जमाउँदा पुरुषार्थ ठानिने सोचले जरा गाडेको छ। शारीरिक रूपमा अपाङ्ग सर्किनीको लोग्ने छ। ऊ दिनरात मेहनत गरेर आफ्नो जिम्मेवारी वहन गर्दा पनि उल्टै उसको लोग्ने सर्किनीलाई भाषाले र बचनले गाली गर्छ। आँखा तर्ने जस्ता क्रियाकलाप गर्दछ। आफैँ घरको र बाहिरको काम गर्नु तैपनि मिठो बचन बोल्न नसक्ने लोग्ने पितृसत्ताले उन्मत्त भएको छ।

नैकापे सर्किनी दिनभर घामपानी नभनी गरेको दुःखको कमाइमा पनि उसको अधिकार छैन। ऊ लोग्नेको पैसा माथिको हमला र शब्द प्रहारबाट पीडित छे। आफूले कमाएको पैसामा पनि अरूको हस्तक्षेप हुने विडम्बना सर्किनीमा छ। उसलाई आफूले कमाएको रूपैयाँ लोग्नेबाट सुरक्षित राख्न मुस्किल छ। ऊ परिश्रम गरेर कमाउँछे, उसको लोग्ने रक्सी खान माग्छ नदिए खोस्छ। यसरी पितृसत्तात्मक मानसिकताले नारीमाथि सधैँ अन्याय, अत्याचार, गरिरह्यो। त्यस्ता क्रियाकलाप सहेर चुपचाप बाँच्न यस कथाकी पात्र सर्किनी विवश छे।

हाम्रो समाजमा एउटा इमान्दार, मेहनती, परिश्रमी नारीलाई आफ्नो अस्तित्वको जोखिम सधैं उठाउनुपर्छ। पुरुष आफ्नो हैसियत अवस्था केही हेर्दैन र कमजोर, एकल, बेसहारा महिला देख्यो भने जबर्जस्ती यौन शोषण गर्न खोजिहाल्छ। यो अस्तित्वप्रतिको जोखिम सधैँ नारीले उठाउनुपर्छ।

*केही दिनअघि उसको गरिब स्वास्नी मान्छे हुनुको नियतिको फाइदा उठाएर त्यतैको एकजना ठगी खाने भिखारी उसलाई लुट्न त्यहाँ पसेको थियो। सर्किनीले थाहा पाई। यो उसको अस्मिताको प्रश्न थियो। यहाँ भाषा र शब्दसँग होइन एउटा बलिष्ट र सिङ्गो लोग्ने मान्छेको शरीरसँग जुध्नुपर्ने हुन्छ (नैकापे सर्किनी, पृ. ५०)।*

पितृसत्ताले ग्रस्त नेपाली समाजमा आफ्नो व्यक्तिगत हैसियत केही नभएका पुरुष पनि मौका अवसर हेरेर महिलाको अस्तित्व लुट्न तयार हुन्छन्। आज पनि हाम्रो समाजमा नारीहरू सुरक्षित छैनन्। यहाँ दिनरात मेहनत गर्ने नैकापे सर्किनीलाई ठगी गरेर मागी खाने भिखारी पनि सर्किनीको अस्मिता लुट्न तयार हुन्छ। हाम्रो समाजमा जन्मजात रूपमा पुरुषलाई ठुलो र महान बनाइदिएको परिणाम हो। समाजमा, टोलटोलमा, आ-आफन्त कोहीसँग पनि छोरी मान्छे सुरक्षित छैनन्। आफ्नो हैसियत के कस्तो छ ? भन्ने पनि ख्याल नगरी नारीमाथि पुरुषको दृष्टिकोण कतिसम्म घृणित हुन्छ भन्ने कुरा देखाउन यो कथा सफल भएको छ। आजसम्म पनि नेपाली समाजमा हत्या, हिंसा, बलात्कार जस्ता घटना भएमा महिलालाई नै बढी दोषी मानिन्छ। आज पनि समाजमा आफ्ना आफन्त कोहीबाट पनि छोरी मानिस सुरक्षित छैनन्। अझ गरिब, बेसहारा, अशक्त नारीहरूले सधैं आफ्नो अस्तित्वको जोखिम उठाइरहनुपर्छ।

### निष्कर्ष

पारिजातका दोस्रो चरणका कथामा सामाजिक, राजनीतिक, उत्पीडनमा परेका नारी जीवनको चित्रण र त्यसबाट मुक्ति र वि›ोहको आशा बोकेको पाइन्छ। 'नैकापे सर्केनी' कथामा नेपाली समाजमा नारीले भोगेको निर्मम पीडा देखाइएको छ। नारीको आफ्नो अस्मितामाथि नै प्रश्न चिन्ह उब्जिएको देखाइएको छ। नारी उत्पीडनको पराकाष्ठा छ। कथित तल्लो जात भनिएकी रूपवती महिलाले पुरुषको हिंस्रक नजरबाट बच्न एकदमै ठूलो सङ्घर्ष गर्नुपर्ने कुरा नैकापे सर्किनी पात्र मार्फत देखाइएको छ। नेपाली पितृसत्तात्मक समाजमा महिलालाई घरको काममा मात्र सीमित गर्नु, छोराछोरी जन्माउने

हुर्काउने जिम्मा लगाउनु, अपाङ्ग भएपनि अशक्त भएपनि लोग्नेको वर्चस्व कायम रहनु, रातदिन लोग्नेको स्याहार सुसार घरधन्दा, श्रमजीवी काम गरेर पनि आनन्दको महशुस गर्न नपाउनु, नारी उत्पीडनका उदाहरण हुन् । पितृसत्ताको आडमा धेरै लामो कालखण्डसम्म पनि महिलाले अन्याय, अत्याचार, पीडा, दुःख, दमन, शोषण सहेर महिलाहरूले आफ्नो जीवन मरेतुल्य रूपमा बिताएका छन् ।

नेपालको संविधान २०७२ को धारा ३८ मा महिलाको हकमा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ' संविधानको धारा १८ मा समानताको हक को उपधारा (५) मा 'पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ' भनी कानूनी मान्यता रहेको छ । यसरी संविधानले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने वर्तमान समाजमा नारी दुःख, पीडा, अन्याय, अत्याचार, जस्ता क्रियाकलापमा केही न्यूनीकरण हुँदै गएको छ तर निर्मूल भने हुन सकेको छैन । नेपाली समाजमा पुरूषले महिलामाथि दमन तथा पितृसत्ता महिलाले पुरुषमाथि दमन जस्ता कार्य हुनुहुँदैन । महिला र पुरुष सँगसँगै हातेमालो गर्दै परम्परामा सहयोगी भएर अघि बढेमा मात्र घर, परिवार, समाजमा शान्तमय, सुखमय र समन्यायिक सुन्दर समाजको निर्माण हुन्छ ।

**सन्दर्भसामग्रीसूची**

उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा,* पाँचौं संस्करण, काठमाडौं : बुक हिल पब्लिकेशन ।

घर्ती, दुर्गाबहादुर ( २०८१), *सांस्कृतिक अध्ययन,* काठमाडौं : इन्डिगो इन्क प्रा.लि.।

ढकाल, रजनी (२०८१), *लैङ्गिकता र नेपाली साहित्य,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ढकाल, रजनी (२०७०), 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता', *भृकुटी भाग -१९,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान*, काठमाडौंः संविधान सभा सचिवालय ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवादः सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* दोस्रो संस्करण, ललितपुर साझा प्रकाशन, पुल्चोक, ।